बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रमका लागि प्रस्ताव (आधारभूत तर्फ मात्र) पेश गर्ने सम्बन्धी सूचना

पुन: प्रकाशित मिति २०८१/१२/०८

चालु आ.व. २०८१/०८२ मा यस कार्यालयवाट तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी वजेट स्वीकृत भई "विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" समेत स्वीकृत भएको र निर्देशक समितिको मिति २०८१/११/२५ को "स्वीकृत कोटा भन्दा कम विद्यालय छनोट भई कोटा रिक्त भएमा पुन: १५ दिनको सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने प्रक्रिया अघि वढाउने" भन्ने निर्णय बमोजिम प्राप्त २० वटा कोटा मध्ये बाँकी ११ वटा कोटाका लागि बमोजिमको ऐ. कार्यविधिको दफा ३ बमोजिमका शर्त पुरा गरेका सामुदायिक विद्यालयहरुले प्रस्तावित बजेटको कार्यान्वयन योजना तथा मूल्याङ्कनका लागि पुष्टि हुने कागजातहरु सहित उक्त कार्यविधिको अनुसूची-३ को ढाँचामा आवेदन यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (आवेदन दिने अन्तिम मिति२०८१/१२/२२) भित्र यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक आधारभूत विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | १.प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयले कार्यविधिको दफा ३ बमोजिम पुरा गर्नुपर्ने शर्तहरु |
|---|---|
| विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रम | क. सामुदायिक विद्यालयको रुपमा सञ्चालन भएको हुनुपर्नेछ,<br>ख. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्नेछ,<br>ग. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहवाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रमहरु नपाएको हुनुपर्नेछ,<br>घ. विद्यालयले नियमित रुपमा एकिकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ,<br>ङ. नमूना (सङ्घीय तथा प्रदेशको), आवासीय तथा ठुला विद्यालयको रुपमा सञ्चालन नभएको हुनुपर्नेछ,<br>च. आ.व. २०७९/०८० र २०८०/०८१ मा विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम र शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ,<br>छ. शैक्षिक सत्र २०८१ मा आधारभूत तह १-५ (बालविकास कक्षा वाहेक) मा कम्तिमा ५० जना विद्यार्थी अध्ययनरत रहेको, आधारभूत तह १-८ (बालविकास कक्षा वाहेक) मा कम्तिमा १०० जना विद्यार्थी अध्ययनरत रहेको र माध्यमिक तह ९ र १० मा कम्तिमा ४० जना विद्यार्थी भर्ना भई अध्ययनरत हुनुपर्नेछ, |

ज. आ.व. २०८१/०८२ मा सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायबाट कुनै किसिमको कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ,

झ. प्रारम्भिक कक्षा पढाई कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८१/०८२ मा अनुदान प्राप्त गरेको/गर्ने विद्यालयले यस कार्यक्रममा सहभागी हुन पाउने छैन.

ञ. प्राप्त अनुदान रकमबाट विद्यालयले कम्प्युटर खरिद, शिक्षक तथा कर्मचारीको तलब भत्ता, शिक्षक तालिम, अभिभावक भेला तथा सचेतना कार्यक्रम, वार्षिक उत्सव, शैक्षिक भ्रमण, भित्ते लेखन, जग्गा खरिद, भवन तथा कक्षा कोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मत जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

ट. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्व: घोषणा पत्र पेश गर्नुपर्नेछ ।

२.प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु

क. प्रस्तावित बजेटको कार्यान्वयन योजना

ख. अनुसूची-२ बमोजिमको सूचकहरुलाई पुष्टि हुने कागजातहरु प्रमाणित कागजात ।

ग. शैक्षिक सत्र २०८० र २०८१ मा IEMIS मा प्रविष्टि गरिएको कक्षागत विद्यार्थी विवरण

घ. निम्न अनुसारको व्यहोरा खुलेको सम्बन्धित स्थानीय ,तहको शिक्षा शाखा/महाशाखाको सिफारिस

१. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भई हालसम्म म्याद कायम रहेको,

२. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रमहरु नपाएको,

३. नमूना (सङ्घीय), आवासीय तथा ठुला विद्यालयको रुपमा सञ्चालन नभएको,

४. प्रारम्भिक कक्षा पढाई कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८१/०८२ मा अनुदान प्राप्त नगरेको वा नगर्ने

ङ. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको विद्यालयको स्व:घोषणा पत्र।

च. मूल्याङ्कनका लागि पुष्टि हुने अन्य सम्बद्ध कागजातहरु।

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

यस सम्वन्धी विस्तृत जानकारीका लागि शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ।

कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

## विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रमका लागि (आधारभूत तह तर्फ मात्र) प्रस्ताव पेश गर्ने बारे सूचना

पुन: प्रकाशित मिति २०८१/१२/०८

चालु आ.व. २०८१/०८२ मा यस कार्यालयबाट सञ्चालन हुने **'विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रम' आधारभूत तह** तर्फका लागि प्राप्त २० वटा कोटा मध्ये बाँकी ११ वटा कोटाका लागि 'विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' को अनुसूचि -३ को ढाँचामा आवेदन, सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (आवेदन दिने अन्तिम मिति २०८१/१२/२२) भित्र यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक आधारभूत विद्यालयहरुका लागि पुन: यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ।

कार्यालय प्रमुख